# नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## स्वास्थ्य सेवा विभाग
## व्यवस्थापन महाशाखा

☎ ०१४२६१७६८

पचली, टेकु
काठमाडौं, नेपाल


प.सं.२०७६।७७
चलानी नम्बर:-

मितिः २०७६/१२/२०

**विषयः- विशेष परिस्थितिमा भएको सम्झौता सम्बन्धी विवरण**

नोभल कोरोना (COVID-19) पाण्डेमिक रोगको रोगथाम तथा नियन्त्रणको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियमावली १४५ को उपनियम ३ अनुसार विशेष परिस्थितिको प्रावधान अनुसार आपूर्तिकर्ता श्री OBCI Pvt.Ltd सँग २७ मार्च २०२० मा सम्पन्न खरिद सम्झौताको सम्बन्धमा निम्न अनुसारको व्यहोरा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

१) स्वीकृत लागत अनुमान अमेरिकी डलर ९,०७७,११७।२७ भन्दा १३.९०% ले वढी भए तापनि विश्वव्यापी महामारीको संवेदनशिलता र गाम्भिर्यतालाई समेत विचार गरी सामाग्रीहरुको अभावमा जनधनको थप हानी नोक्सानी हुन नदिन विषम परिस्थितिमा अमेरिकी डलर १०,३३८,४४८।०० वरावरको खरिद सम्झौता सम्पन्न भएको ।

२) आपुर्तिकर्ताले सम्झौता बमोजिम पहिलो लट (३० मार्च, २०२०) मा अमेरिकी डलर ९,०५३,४००।०० वरावरको सामाग्रीहरु सप्लाई गर्नुपर्नेमा Gowns=10,000 Pcs, Gloves=1,00,000 Pairs, Portable PCR Machine=5 set, PCR Reagent =20,000 Kit, Primer Probe=10,000 र VTM =5000 Pcs समेत जम्मा अमेरिकी डलर १,६४८,१७५।०० (१८.२१ %) वरावरको सामान मात्र प्राप्त भएको ।

३) सम्झौता अनुसार आंशिक रुपमा प्राप्त सामाग्रीहरु मध्ये ५ सेट Portable PCR Machine, Reagent को साथै VTM समेत जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढी अस्पताललाई र सबै प्रदेशहरुमा Gowns 1,000, Gloves 10,000 का दरले पठाईएको ।

४) आपुर्तिकर्ताले सम्झौता अनुसार आपूर्ति नगरी विश्वव्यापी महामारीको संवेदनशिलता र गम्भिर्यताको समेत ख्याल नगरी विषम परिस्थितिमा भएको खरिद सम्झौताका शर्तहरु उल्लंघन गरी स्वास्थ्य सेवा प्रवाहमा गम्भीर असर पुऱ्याएकोले सम्झौता अन्त्य गरिएको ।

५) PPE सेटमा Gown वाहेक आवश्यक अन्य सुरक्षाकवज लगायतका आवश्यक सामाग्रीहरु सप्लाई नभएकाले वैकल्पिक उपायवाट अविलम्ब व्यवस्था गरिने व्यहोरा अनुरोध छ ।

निर्देशक